म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७० सोमबार १५ माघ २०८० ने. सं. ११४४ पोहेलागा 29 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका नि:शुल्क वाईफाई प्रयोग नगरौं ।
अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं ।
*सुरक्षित रुपमा वित्तीय कारोबार गरौं ।*
नेपाल सरकार
विज्ञापन बोर्ड

# थानकोट-चित्लाङ सडकमा बजेट मागेको २० करोड, आयो ६ करोड

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/अर्थ मन्त्रालयबाट थानकोट-चित्लाङ सडक (गणेशमान सिंह मार्ग) स्तरीकरणका लागि थप बजेटको स्रोत सुनिश्चितता गरिएको छ ।


११ माघमा अर्थ मन्त्रालयमा भएको मन्त्रिस्तरीय निर्णयले स्रोत सुनिश्चितता तथा सहमति दिएसँगै थानकोट (चित्लाङ सडक निर्माणसहित स्तरीकरणका लागि कुल ७ करोड ९९ लाख बजेट थपिएको हो । जसमध्ये २ करोड रुपैयाँको यसअघि नै ठेक्का लगाएर काम भइरहेको छ । बजेट सुनिश्चितताबिनै ठेक्का लगाएर काम भइरहेपनि भर्खरै बजेटको सहमति दिइएको हो । सडकमा नयाँ बजेट भने ५ करोड ९९ लाख थपिएको हो ।

२८ पुसमा चन्द्रागिरी नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरामा जिप दुर्घटनामा परी पाँच जनाको मृत्यु भएपछि सरकारले यसक्षेत्रका जनप्रतिनिधिको दबाबमा थप बजेटको सहमति दिएको हो । काठमाडौंबाट चित्लाङ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ नम्बरको जिप अनियन्त्रित भई सडकबाट करिब ५ सय मिटर तल खस्दा काठमाडौं मैतीदेवीका ६७ वर्षीय ओमकारनिधि तिवारी र ६४ वर्षीया कल्पना तिवारी, डा. महेशकुमार गौतम र चार वर्षीय प्रियान्स गौतमको मृत्यु भएको थियो । दुर्घटनामा घाइते ६ वर्षीया स्मारिका गौतमको उपचार क्रममा बयोधा अस्पतालमा मृत्यु भयो ।

दुर्घटना लगत्तै ३ माघमा मकवानपुर-२ का सांसद महेशकुमार बर्तौलासहित संविधानसभा सदस्य सुभाषचन्द्र ठकुरी, पूर्वसांसद रामनारायण विडारी, थाहा नगर पालिका प्रमुख विष्णु बिष्ट 'आदर्श' इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, थाहा-९ चित्लाङका वडाअध्यक्ष राजकुमार बलामीलगायतले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर चालु आवमै २० करोड बजेट माग गरेका थिए । अर्थ मन्त्रालले चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित २ करोडसहित एकमुष्ट ७ करोड ९९ लाखको स्रोत सहमति दिएको छ ।

बर्तौलाले २० करोड बजेट माग गरेकोमा भौतिक पूर्वाधार मन्त्रालयले घटाएर १० करोड अर्थ मन्त्रालयमा पठाएको जानकारी दिए । २० करोड रुपैयाँ मागेको ठाउँमा अर्थले २ करोड बजेट बिनियोजन गरेको बर्तौलाले जानकारी दिए । कानूनी व्यवस्था अनुसार बिनियोजित बजेटको चार गुणासम्म चालू आवमै थप गर्न मिल्ने भएकाले अर्थ मन्त्रालयसँग पुन: ८ करोड माग गरिएको बर्तौलाको भनाई छ । जसमा अर्थ मन्त्रालयले ५ करोड ९९ लाख रुपैयाँ मात्रै स्रोत सुनिश्चितता गरेको उनले जानकारी दिए । त्यसमा सडक बोर्डको थप एक करोड ५० लाख रुपैयाँ समेतको काम भइरहेको बर्तौलाले जानकारी दिएका छन् । सडक डिभिजन कार्यालय काठमाडौंका प्रमुख नारायणदत्त भण्डारी सरकारले पर्याप्त बजेट नपठाएकाले मर्मत सम्भार गर्न नसकेको बताएका छन् ।

उनले थानकोट-चित्लाङ सडक खण्डको २२ किलोमिटरमध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण उकालो रहेकाले त्यसलाई सुधार



गरेर कालोपत्र नगरेसम्म सधैं दु:ख हुने बताए । चालू आर्थिक वर्षमा डिभिजन कार्यालयमा २२ करोड रुपैयाँ माग गरेकामा २ करोड रुपैयाँमात्र पाएको भण्डारीले जानकारी दिए । 'हामीले मागेको बजेटको १० प्रतिशत भन्दा कम आएको छ । अब यति बजेटले कति काम हुन्छ ?', उनले भने । यो बजेटले थानकोटतर्फको उकालोमा ५ सय मिटर कालोपत्रे गर्न सम्झौता भएको बताए ।

बजेट स्रोत सुनिश्चितता तथा सहमतिपत्र अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाले १२ माघमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पठाएको छ । मन्त्रालयले सहमती प्रदान गर्दा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण परिपालाना गर्ने गरी भनिएको छ । अर्थले आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण परिपालनालाई जोड दिइएको छ भने प्रचलित, ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको सवाललाई उल्लेख गरेको छ ।

बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको खरिद प्रक्रिया कात्तिकभित्र सुरु गरिसक्नुपर्ने मापदण्डको दफा ६ (७) मा उल्लेख छ । तर, आर्थिक वर्ष ०८०/८१ को हकमा मंसिर मसान्तसम्म खरिद प्रक्रिया सुरु गर्न बाधा नपर्ने मापदण्डमा भनिएको छ । तर, गणेशमान मार्गको स्रोत सुनिश्चितता तथा सहमति मंसिर मसान्त पश्चात् ११ माघमा निर्णय भएको छ । १२ माघमा प्रदान गरिएको स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको हुने मापदण्डको दफा ६ (२) मा उल्लेख छ ।

मापदण्ड अनुसार स्रोत सहमति पाएको गणेशमान मार्गको आउँदो २०८१ कार्तिक महिनाभित्र ठेक्का भैसक्नुपर्ने छ । स्रोत सहमति पश्चात बजेटको ठेक्का लगाउने म्याद ९ महिनाको हुनेछ । अर्थले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावसमेत पालना हुनेगरी आगामी आर्थिक वर्षको लागि सृजना हुने दायित्व बराबरको रकम मापदण्डको दफा (६) (३) बमोजिम तहाँ मन्त्रालयलाई तत्तत् आवमा प्राप्त बजेट सीमाबाटै अनिवार्य रुपमा बजेट प्रस्ताव गर्ने भनेको छ ।

अर्थले कानून र मापदण्डको पूर्ण परिपालनाको जवाफदेहिता सम्बन्धित लेखा उत्तरदायी अधिकारी र सम्बद्ध पदाअधिकारी रहने जनाएको छ । काठमाडौं-चन्द्रागिरी-चित्लाङ जोड्ने २२ किलोमिटर मोटरबाटो डरलाग्दो र धराप बनेपछि सर्बत्र चासोको बिषय बनेको थियो । यो सडक खण्डको अप्ठेरो भाग थानकोटदेखि चन्द्रागिरी डाँडासम्म छ । सडकका कारण सवारीसाधन टुटफुट हुनु, दुर्घटना हुनु, धुलैधुलो हुनु आमयात्रुको दिनचर्या बनेको छ । सडक पहिले भन्दा केही फराकिलो भयो तर, कच्ची अवस्थाका कारण हिउँदमा धुलैधुलो र वर्षामा हिलाम्य हुनाले गाडी चलाउन कठिन बनिरहेको छ । सडकको अवस्था धेरै जोखिमपूर्ण भए पनि छोटो दूरी हुने भएकाले काठमाडौंबाट मकवानपुरको हेटौंडा, बारा, पर्सा, सर्लाही, रौतहट लगायतका जिल्ला जाने जिपहरु यही सडकबाट चल्छन् ।

नेपालको प्राचीन सडक अर्थात् पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदाले भरिपूर्ण चित्लाङ जोड्न भीमफेदी-कुलेखानी-चित्लाङ-थानकोट मार्गको स्तरोन्नतिको लागि प्रदेश सरकारले चासो देखाएपनि सोचेअनुरुपको प्रगति हासिल भएको छैन । थानकोट-चित्लाङ सडकलाई समग्र मकवानपुर र विशेष उत्तरीक्षेत्र थाहानगर, इन्द्रसरोबर गाउँपालिकाले 'समृद्धि ढोका'को रुपमा लिने गरेका छन् ।

देशकै प्रमुख पर्यटकीय गन्तव्य थाहानगर र ईन्द्रसरोवरको पर्यटनको विकासका लागि यो सडक छिटो निर्माण गर्न जरुरी रहेको थाहा नगरपालिका प्रमुख विष्णु विष्ट बताउँछन् । सडक राम्रो नभएकै कारण अपेक्षाअनुसारको पर्यटन विकास र पर्यटक भित्र्याउन नसकेको उनले बताए । प्राचिन चित्लाङ गाउँ, कुलेखानी जलाशय, दामन, पालुङ, नेपालकै ठूलो चौरको रुपमा परिचित चित्लाङको भेडा फार्मलगायतका थुप्रै आकर्षक पर्यटकीयस्थल यस क्षेत्रमा छन् ।

# प्रहरी समायोजन अघि बढाउन गृहमन्त्रीसहित प्रदेशमन्त्रीहरुको निर्णय

साझाकुरा संवाददाता



हेटौंडा, १४ माघ/ गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा बसेको गृह मन्त्रालयसँग सम्बन्धित विषयगत समितिको बैठकले प्रहरी समायोजनलाई यथाशीघ्र अगाडि बढाउने निर्णय गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम उपप्रधान एवम् गृहमन्त्री श्रेष्ठसहित सातवटै प्रदेशका आन्तरिक मामिला तथा कानुन (गृह) मन्त्रीहरुले प्रहरी समायोजनलाई यथाशीघ्र अगाडि बढाउने बारे निर्णय गरेका हुन् । गृहमन्त्री श्रेष्ठले आइतबार सातवटै प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्रीहरुसँग प्रहरी समायोजन, संघीय प्रहरी विधेयक र देशको शान्तिसुरक्षाको सम्बन्धमा छलफल गरेका हुन् ।

प्रहरी समायोजनका विषयमा प्रदेश सरकारहरु विगतदेखि नै आन्दोलनरत् थिए । संवैधानिक अधिकार दिन संघ सरकारले नै आनाकानी गरिरहेको भन्दै मधेश प्रदेश सरकार अदालत पुगेको थियो । बागमती सरकारले प्रहरी समायोजनको मुद्दामा संघीय सरकारलाई विगतदेखि नै झकझकाउने काम गरिरहेको थियो । आइतबारको बैठकपछि गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रहरी समायोजन ऐन र नेपाल प्रहरी तथा प्रदेश प्रहरीको कार्यसञ्चालन सुपरीवेक्षण र समन्वय गर्ने सम्बन्धी ऐनको समसामयिक परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएकोले त्यसलाई समसामयिक रुपमा परिमार्जन गर्ने निर्णय भएको पनि जानकारी दिए ।

उनले नेपाल प्रहरी ऐन र स्थानीय प्रशासन ऐन तर्जुमाको चरणमा रहेकाले यसलाई पनि अरु ऐनसँग तालमेल हुनेगरी नयाँ कानुन निर्माण गर्ने निर्णय भएको जानकारी दिए । प्रहरी समायोजन ऐन र नेपाल प्रहरी तथा प्रदेश प्रहरीको कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने सम्बन्धी ऐन तर्जुमा भइसकेका दुईवटा ऐनको समसामयिक परिमार्जन गर्नेपर्ने आवश्यकता देखिएको भट्टराईले बताए । नेपाल प्रहरी ऐन र स्थानीय प्रशासन ऐन तर्जुमाको चरणमा रहेको बताउँदै उनले यी दुवै ऐन शान्तिसुरक्षासँग महत्व राख्ने भएकाले अरु ऐनसँग तालमेल हुनेगरी नयाँ कानुन निर्माण गर्ने बताए ।

बैठकका निर्णयहरु माघ १७ मा बस्ने प्रधानमन्त्रीको अध्यक्षतामा सञ्चालन हुने राष्ट्रिय समन्वय परिषद्मा पठाउने निर्णय भएको पनि भट्टराईले जानकारी दिए । बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले आइतबारको बैठकले माघ १७ को प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने राष्ट्रिय समन्वय समितिको बैठकले प्रहरी समायोजनको कामलाई अगाडि बढाउने बताए । समितिको बैठकपछि प्रहरी समायोजन समिति बन्ने र सो समितिले प्रहरी समायोजनको काम आरम्भ जानकारी दिए । 'आजको बैठकले माघको १७ गते राष्ट्रिय समन्वय समिति प्रधानमन्त्रीको अध्यक्षतामा बैठक बस्ने र त्यो बैठकबाट तुरुन्त प्रहरी समायोजनको कार्य अगाडि बढाउने निर्णय भएको छ', उनले भने ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

"Education is the real treasure"
2055 HETAUDA ACADEMY 1998
EDUCATION IS THE REAL TREASURE
25 Years of
Excellence in Education
Celebrating Silver Jubilee
20 days to go
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# श्रमिकलाई सामाजिक सुरक्षा

नेपालमा असंगठित क्षेत्रमा काम गरिरहेका मजदुरको हितका बारेमा कमै चासो राखिन्छ । त्यसमाथि पनि निर्माण श्रमिकलाई झन वास्ता गरिदैन । नेपालमा असंगठित क्षेत्रका श्रमिकको समस्या समाधान गर्ने हो भने कतिपय युवा नेपाल छोडेर खाडी मुलुकमा जाने थिएनन् सहायद । तर, त्यसो हुन सकेको छैन । मकवानपुरको भीमफेदी गाउँपालिकाले भने अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा जोड्ने प्रयासको थालनी गरेको छ । युरोपियन मुलुकमा अनौपचारिक क्षेत्रका मजदुरको पनि बीमा गरिन्छ । नेपालले यो सबै सुबिधा दिन धेरै समय लाग्न सक्छ । अनौपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने देशकै दोस्रो स्थानीय तह बनेको छ भीमफेदी गाउँपालिका । शनिवार सामाजिक सुरक्षा योजना सुरुवात गर्दै गाउँपालिकाले हाल ९८ जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराएको छ ।

सामाजिक सुरक्षा योजनाको प्रतिनिधिसभा सभामुख देवराज घिमिरेले शुभारम्भ गरेका छन् । देशमै पहिलोपटक स्याङ्जाको फेदीगाउँ गाउँपालिकाले सामाजिक सुरक्षा कोषसँग अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउन सम्झौता गरेको थियो । गाउँपालिकाले सामाजिक सुरक्षा योजना कार्यान्वयन पनि गरिसकेकाले भीमफेदी गाउँपालिका दोस्रो बनेको हो । सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने भीमफेदी गाउँपालिका बागमती प्रदेशको भने पहिलो स्थानीय तह बनेको छ । भीमफेदीले कोषसँग ३० साउन २०८० मा योजना कार्यान्वयनका लागि सम्झौता गरेको थियो । सामाजिक सुरक्षासम्बन्धी संवैधानिक हकलाई सुनिश्चित गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउन सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुरुप भीमफेदी गाउँपालिकाभित्रका अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको बचत गर्ने बानीमा विकास गरी सामाजिक सुरक्षाको प्रत्याभूति गर्न, उनीहरुको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई समावेश गरेको हो । सामाजिक सुरक्षा योजना कार्यान्वयन भएपछि श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम १ साउन २०८० देखि अनौपचारिक क्षेत्रका श्रमिकका लागि तोकिएको मासिक १० हजार ८ सय २० (महंगी भत्ताबाहेक) मा श्रमिकले पारिश्रमिकबाट ११ प्रतिशतमा हुन आउने रकम १ हजार १ सय ९० रुपैयाँ तथा भीमफेदी गाउँपालिकाले ९ दशमलव ३७ प्रतिशत अर्थात १ हजार १४ रुपैयाँ थप गरी २ हजार २ सय ४ रुपैया कोषमा जम्मा हुने व्यवस्था मिलाइएको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षासम्बन्धी संवैधानिक हक प्रदान गरेकोले श्रमिकको हक संरक्षणमा गाउँपालिकाले दायित्व लिएको गाउँपालिकाले जानकारी दिएको छ । गाउँपालिकाले सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि चालु आर्थिक वर्ष २०८०/८१ मा योगदानमा आधारित श्रमिककोष बजेट शीर्षकमा १३ लाख रुपैयाँ विनियोजन गरिएको बताइएको छ । सामाजिक सुरक्षा योजनामा आवद्ध भएपश्चात श्रमिकले औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धअवस्था सुरक्षा योजना जस्ता विभिन्न योजनाहरुमा सहभागी भएर सेवासुविधा लिनसक्ने गाउँपालिकाले जनाएको छ । योजनामा आबद्ध ९८ श्रमिकमध्ये धेरैजना निर्माण क्षेत्रसँग सम्बद्ध छन् । सामाजिक सुरक्षा कोषमा हालसम्म ५१ अर्ब २९ करोड रुपैयाँ संकलन भएको छ । राज्यले कमजोर नागरिकलाई आर्थिक सहायता दिन र सामाजिक सुरक्षा प्रदान गर्न यो योजना ल्याएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १६ गते मंगलबार ३० जनवरी २०२४ । पञ्चमी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:४१ । शहीद दिवस।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# 'महा विभ्रम' को दुश्चक्र र 'जेपी आन्दोलन' को स्मरण



✍ डम्बर खतिवडा

कुनै राष्ट्र, समाज वा समुदाय कुनै खास कालखण्डमा किन र कसरी 'महा विभ्रम' को शिकार हुन्छ, त्यसो हुनका लागि परिबन्दले कस्ता 'ऐतिहासिक सञ्चिति' थुप्रिँदै जान्छ र त्यसको मूल्य राष्ट्र, समाज वा समुदायले कसरी र कतिसम्म चुकाउनुपर्दछ भन्ने बारे संसारमा धेरै लेखिएका होलान् तर राल्फ नोर्मन एङ्जेलको 'द ग्रेट इलुजन' र डा. महाथिर मोहम्मदको 'द मले डिलेमा' काफी छन् ।

यी दुई किताबको कालखण्ड र सन्दर्भ फरक छ । 'द ग्रेट इलुजन' पहिलो विश्वयुद्धको पृष्ठभूमिमा, सन् १९०९ मा लेखिएको थियो । त्यतिखेर विश्वका मुख्य संघर्षरत शक्तिकेन्द्रका दुवै खेमा युरोपभित्र थिए । भविष्यका 'धुरी राष्ट्र' र 'मित्र राष्ट्र' हरू बीचको सम्बन्ध दिन प्रतिदिन तिक्ततापूर्ण हुँदै गएको थियो । तर, इतिहासले 'पहिलो विश्वयुद्ध' भनेर अभिलेखित गर्ने एक भीषण युद्ध हुन्छ कि हुँदैन भन्ने प्रष्ट थिएन ।

युद्ध हुने चर्चा थियो, तनाव चर्को थियो तर युद्ध हुनुपर्छ कि पर्दैन ? युद्ध भए के हुन्छ, नभए के हुन्छ ? युद्ध रोक्नु राम्रो हो कि गर्नु राम्रो हो ? युद्ध रोक्नुका परिणाम के हुन् ? युद्ध गर्दा चुकाउनुपर्ने मूल्य के हुन् ? स्वयं युरोपेली राष्ट्रहरू आफैं भ्रमित थिए । राष्ट्रका निर्णायक नेताहरू कुनै निष्कर्षमा पुग्न सकिरहेका थिएनन् । निःसन्देह यो आफैंमा एक ठूलो भ्रम थियो । यही महा विभ्रमलाई नोर्मनले 'द ग्रेट इलुजन' को संज्ञा दिएका थिए ।

'द मले डिलेमा' को उद्देश्य भने मले समुदाय र मलेसिया राष्ट्रको भ्रम, अन्योल र अलमलका कारण खोतल्नु थियो । सन् १९७० मा यो किताब प्रकाशित हुँदा यसका लेखक डा. महाथिर मोहम्मद अनेक प्रश्न, आशंका र अविश्वासले घेरिएका थिए । उनको राजनीतिक करिअरको आकाशमा बाक्लो कालो आशंकाको बादल लागेको थियो । त्यसको एक दशकपछि उनी मलेसियाको प्रधानमन्त्री भए, निरन्तर २२ वर्ष । सन् २०१८ मा दोस्रो कार्यकालमा थप दुई वर्ष गरी जम्मा २४ वर्ष ।

भनौ कि प्रारम्भमा धेरैले प्रशंसा गरे जस्तो मलेसिया उच्च आय भएको देश र 'प्रथम विश्व' मा उस्किन भने सकेन । तर, महाथिरले मले समुदाय र मलेसिया राष्ट्रका जुन द्विविधा पहिचान गरेका र त्यसलाई चिर्न खोजेका थिए, त्यसले त्यो समाजलाई अल्पविकसित राष्ट्रबाट मध्यम आयस्तरको पासो (मिडिल इनकम ट्र्याप) सम्म भने ल्यायो । डा. महाथिर मोहम्मदको २२ वर्षे पहिलो कालखण्डलाई संसारमा धेरैले अझै एक सफल घटना-अध्ययन मान्दछन् ।

यी दुवै दृष्टान्त यसकारण चर्चा गरिएको हो कि कुनै समाज, समुदाय वा राष्ट्र एकसाथ महा विभ्रमको शिकार भएको देश आजको नेपाल मात्र हैन । यस्ता कालखण्ड अरू देशको इतिहासमा पनि आएका थिए । अहिले हामीले सामना गरिरहेको भन्दा अझ कठिन र भीषण विभ्रम क्रियाशील थिए ।

छिमेकी देशहरूको कुरा गर्दा भारतमा सन् १९४० को दशकसम्म यो भ्रम थियो कि भारत 'ब्रिटिश शासन' बाट मुक्त हुनु राम्रो हो कि 'अर्ध-उपनिवेश' मा बस्न उचित हो । कतिपय भारतीय बौद्धिक र कंग्रेस नेताहरूले नै यस्तो तर्क गर्थे कि भारतीयहरू आफ्नो शासन आफैं गर्न योग्य भइसकेका छैनन् । भारतीयहरूमा ब्रिटिशको जस्तो प्रविधि, युद्धकौशल, आधुनिक अर्थतन्त्रको ज्ञान र सञ्चालन क्षमता, प्रशासनिक तथा व्यवस्थापकीय सीप छैन, भारतीयहरूले शासन गरेको भारत ब्रिटिशले शासन गरेको भारत भन्दा झनै कमजोर हुन सक्दछ । तसर्थ 'अर्ध-उपनिवेश' को बाटो ठीक छ ।

यो आफैंमा एक 'द ग्रेट इलुजन' थियो, जसलाई सन् १९४२ को 'भारत छोडो आन्दोलन' ले समाप्त पारिदियो । महात्मा गान्धी नेतृत्वको यो आन्दोलनले त्यस्तो महा विभ्रमलाई अन्त्य गर्दै भारतीय आत्मविश्वासलाई नयाँ उचाइमा उठायो । स्वतन्त्रता र एक नयाँ राष्ट्र सम्भव छ भन्ने सिद्ध गर्‍यो ।

भारतीय समाजमा दोस्रो महा विभ्रम सन् १९७० को दशकमा आयो । इन्दिरा गान्धीको अतीत मोह र आपतकाल घोषणा मार्फत । सँगसँगै 'जेपी आन्दोलन' पनि आयो । हरेक महा विभ्रम सँगसँगै एक नयाँ आन्दोलन र मोड आउनुपर्छ । 'जेपी आन्दोलन' ले यो सिद्ध गर्दियो कि 'गैरकंग्रेसी सरकार' सम्भव छ । भारतको लोकतान्त्रिक भविष्यमाथि कंग्रेसको एकाधिकार हुन सक्दैन ।

राजनीतिक र आर्थिक सुधार गर्ने कि नेहरू-इन्दिराकालीन 'परम्परागत समाजवाद' को अर्थनीतिमै चल्ने ? भारतीय समाजको यो द्विविधा सानो थिएन । स्वयं कंग्रेस नेता पीभी नरसिंह राव र डा. मनमोहन सिंहले आर्थिक सुधारको बाटो समाते । राजीव गान्धीले स्थानीय निकायको सबलीकरणका लागि संविधान संशोधन र प्रमुख निर्वाचन आयुक्त टि.एन. शेषनले निर्वाचनको निष्पक्षता र विश्वसनीयताका लागि साहसिक सुधारको आँट गरे । मोदीकालका पछिल्ला 'सुधारहरू' यही सुधार शृंखलाका पछिल्ला कडी हुन् ।

यी महा विभ्रमबाट ननिस्किएको भए भारत आजको भारत, संसारको पाँचौं ठूलो अर्थतन्त्र, जी-२० को अध्यक्षता गर्ने भारत, डिजिटलाइज्ड, प्रविधि र प्रतिभा पर्याप्त र 'लुनर पावर' भारत हुने थिएन ।

सन् १९७० को दशकमा चीनको 'महा विभ्रम' यस्तै थियो । माओका दुई-दुई वटा कदम 'महान् अग्रगामी छलाङ' र 'महान् सर्वहारा सांस्कृतिक क्रान्ति' असफल सिद्ध भएका थिए । माओ बुढ्यौलीले शिथिल थिए । 'तेस्रो निरन्तर क्रान्ति' गर्ने ताकत उनमा बाँकी थिएन । उनका सामु दुई वटा विकल्प थिए, जो 'महा विभ्रम' भन्न योग्य थियो । 'ग्याङ अफ फोर' लाई सत्ता सुम्पिएर 'माओवादी नीति' कायम राख्ने कि 'सुधारवादी' हरूका लागि बाटो खोलिदिने ? यी दुई विकल्प बीच एक रोज्नु माओका लागि निकै कठोर काम थियो ।

अन्ततः उनले सुधारवादीहरूका लागि बाटो खोलिदिए, जसको कारण 'ग्याङ अफ फोर' को दुर्दान्त पतन भयो । यसभित्र उनकी प्रिय पत्नी चियाङ चिङ समेत थिइन्, जो यो दुर्भाग्यको शिकार भइन् । श्रीमतीले आफ्नै पतिले बाटो खोलिदिएका सुधारवादीहरूको शासनकालमा जेलमा आत्महत्या गर्नु पर्‍यो । महा विभ्रमबाट मुक्त हुनका लागि चुकाउनुपर्ने यो भन्दा ठूलो मूल्य कुनै राजनीतिज्ञको व्यक्तिगत जीवनमा अरू के हुन्थ्यो होला ? तर, जतिसुकै कठोर मूल्य चुकाएर किन नहोस्, राष्ट्रलाई महा विभ्रमको दुश्चक्रबाट बाहिर निकाल्न त अपरिहार्य हुने रै'छ ।

चिनियाँ सत्तामा माओत्से तुङले आफ्नै विरोधी र 'बुर्जुवा वर्गको हेड क्वाटर' देङ सियाओ पिङलाई किन पुनर्स्थापित गरेर मरे ? राजनीतिक इतिहासको जटिलतालाई अध्ययन गर्न यो निकै प्रखर घटना हो । त्यसको परिणाम भने पछि देखियो जब देङले तीव्र गतिमा राजनीतिक तथा आर्थिक सुधार सुरु गरे । संभवतः जीवनको उत्तरार्धमा माओलाई त्यस्तै कुनै 'महा विभ्रम' को अनुभूति भएको थियो र उनी त्यसबाट राष्ट्रलाई बाहिर निकाल्न चाहन्थे ।

ठीक यस्तै महा विभ्रम अहिले संसारका धेरै देशमा छन् । स्वयं अमेरिकामा छ । अमेरिकामा ट्रम्प र ट्रम्प विरोधी ध्रुवीकरण खासमा 'भूमण्डलीकरण' र 'विभूमण्डलीकरण', राष्ट्रवाद र उदारवाद, 'बहुपक्षीयता' र 'बहुवीयता' बीचको महा विभ्रम हो, जसको निष्कर्ष अझै राम्ररी निस्किएको छैन ।

नेपालमा नयाँ संविधान-२०७२ पछि देशले एक निश्चित गति र दिशा समात्ने अपेक्षा धेरैको थियो । यद्यपि यसप्रति अविश्वास गर्नेहरू थुप्रै थिए । संविधान जारी हुँदा दीपावली गर्ने र नगर्ने बीचको ध्रुवीकरणको आकार झण्डै उत्रै थियो । संविधान निर्माण प्रक्रियामै समस्या देखा पर्न थाल्नु, संविधानको स्वीकार्यता कमजोर हुनु, त्यस सँगसँगै मधेश आन्दोलन र भारतीय नाकाबन्दी जोडिएर आउनु, शासकीय स्वरूप, निर्वाचन प्रणाली र प्रदेशको सीमांकन नामांकन सम्बन्धी प्रश्न पेचिलो हुनु, वित्तीय तथा प्रादेशिक संघीयता नहुनु, समावेशिता र सामाजिक न्यायको आकांक्षा ठोस र मूर्त नहुनु, आर्थिक, वित्तीय तथा बजेटरी संकट चरमोत्कर्षमा पुग्नु, युवा श्रमशक्तिको अस्वाभाविक विदेश पलायन हुनु, राजनीतिमा अवसरवादको पराकाष्ठा देखिनु, पुराना दल र नेताप्रतिको जनविश्वास कमजोर हुँदै जानु तर भरपर्दो नयाँको विकास हुन नसक्नु, पश्चगामी तत्वहरूले दबाव बढाउँदै गएको अनुभूति हुनुले नयाँ संविधान र त्यस अन्तर्गतका दुई-दुई वटा चुनावपछि पनि देश एक 'नयाँ महा विभ्रम' सामु खडा भएको स्पष्ट हुन्छ ।

यो 'नयाँ महा विभ्रम' को दुश्चक्र तोड्ने कि कायमै राख्ने ? तोड्नुपर्छ, तर तोड्ने कसले ? भनिरहनु पर्दैन- यतिखेर सबै राजनीतिक शक्तिको तेजोबध र क्षयीकरण तीव्र छ । २०७४ को वामपन्थी गठबन्धन र नेकपा (नेकपा) कालीन अभ्यासको असफलतापछि कम्युनिस्ट शक्ति अविश्वसनीय र छरपष्ट भएको छ । दर्जनौं गुटमा विभाजित कम्युनिस्ट धारको एकीकरण र राष्ट्रनिर्माण गर्न योग्य शक्ति विन्यास असम्भव देखिएको छ ।

ठीक थियो, बेठीक थियो, आफ्नो ठाउँमा थियो तर कम्युनिस्ट एकताको आकांक्षा वामपन्थी जनमतमा बलियो थियो । कुनै दिन कम्युनिस्ट एकता हुन्छ, विशालकाय पार्टी र प्रचण्ड बहुमतको बलियो सरकार बन्छ, त्यसपछि त कुनै न कुनै चमत्कार कसो नहोला भनेर दशकौंदेखि प्रतीक्षारत वामपन्थी मतदाता बिल्कुलै निराश भएका छन् ।

एक त फेरि कम्युनिस्ट एकता आफैंमा अपत्यारिलो छ, भइहाले पनि हिजोको जस्तो जनाकर्षण पैदा हुने नैतिक आधार बाँकी छैन । न त कुनै एक कम्युनिस्ट गुटको चामत्कारिक उदय भएर देशको नेतृत्व गर्न सक्ने सम्भावना नै बाँकी छ । सबैभन्दा ठूलो गुट एमालेकै जनमत दिनप्रतिदिन खस्कँदो छ, अरूको चर्चै गर्नु परेन । माओवादी, एकीकृत समाजवादी जस्ता कम्युनिस्ट समूहहरू अस्तित्व संकटको सामना गर्दैछन् ।

कांग्रेस इतिहासमै सर्वाधिक कमजोर भएको छ । यहाँसम्म कि स्वयं यसका सभापति आफैं यो स्वीकार गर्छन् कि पार्टीसँग अब एक्लै चुनाव लड्ने ताकतसम्म बाँकी छैन । गठबन्धन र भागबन्डाको राजनीति दशकौं जान सक्दछ भन्ने उनको बुझाइ छ । कांग्रेस आफैंले एकल बहुमत ल्याउने आकांक्षा राख्दैन भने 'मधौरुलाई माड' पिलाइबस्ने फुर्सद कसलाई छ ?

मानौं कि नेपाली कांग्रेसका लागि एकल बहुमतको सम्भावना यसका सभापति शेरबहादुर देउवाले बारम्बार स्वीकार र पैरवी गरे जस्तै सधैंका लागि समाप्त भएको हो भने पनि कांग्रेससँग दीर्घकालीन गठबन्धन बनाउनका लागि भरपर्दा लोकतान्त्रिक दल उपलब्ध छैनन् । दीर्घकालीन गठबन्धनको पनि कुनै वैचारिक आधार र नैतिक सीमा हुन आवश्यक हुन्छ, जो छैन ।

माओवादी लगायत कम्युनिस्ट र मधेश-केन्द्रित दलहरूसँगको गठबन्धन दीर्घकालमा कांग्रेसकै लागि आत्मघाती सिद्ध हुन सक्दछ । कम्युनिस्टहरूसँग दीर्घकालीन निर्वाचन गठबन्धन र सत्ता साझेदारी गर्ने कांग्रेस स्वयं कांग्रेसका समर्थक र मतदातालाई नै चाहिएको छैन । त्यस्तो अवस्थामा यो जनमतले नयाँ लोकतान्त्रिक विकल्प खोज्ने निश्चित छ । खोज्न थालिसकेको छ ।

कांग्रेसप्रतिको आकर्षण यति धेरै कमजोर हुनुको मुख्य ५ कारण छन् । एक- २०४६ पछि कांग्रेसले लिएको आर्थिक नीतिका सह-उत्पादनको सञ्चितिकरणले कतै आजको आर्थिक संकट, अराजकता र अस्वाभाविक विदेश पलायनको अवस्था आएको त हैन भन्ने जनआशंका ।

दोस्रो- कांग्रेस आफ्नो वैचारिक तथा ऐतिहासिक विरासतका लागि एक्लै उभिने आँट त गर्दैन भने यसलाई किन साथ दिने भन्ने लोकतान्त्रिक जनमतको भावना ।

तीन- नयाँ पुस्ताका मतदाताका लागि बिल्कुलै अनाकर्षक मूल नेतृत्व, जसमा कुनै प्रकार को अपिलिङ क्षमता नै छैन ।

चार- सधैंको गुटबन्दी, किचलो र भागबन्डाको राजनीतिले ग्रस्त पार्टी संगठन ।

र, पाँच- कुशासन र भ्रष्टाचारका घटनामा कांग्रेस पंक्तिको उस्तै संलग्नता । सुशासनप्रतिको कमजोर प्रतिबद्धता र अभ्यास ।

मधेश-केन्द्रित दलहरूको चर्चा त्यति धेरै किन आवश्यक छैन भने उनीहरूले राष्ट्रिय नेतृत्वको आकांक्षा नै राखिरहेका छैनन् । मधेश राजनीति र पहिचानको भोट बैंकमा प्रतिस्पर्धा गर्ने, आफ्नो अंश सुरक्षित गर्ने बाहेक यी दलको अरू कुनै ठूलो सोच र सपना देखिदैन ।

यी सबै घटनाक्रम र परिदृश्यबाट के सिद्ध हुन्छ भने नेपाली समाज, 'नेपालीय समुदाय' हरू र नेपाल राष्ट्र आज एक ठूलो विभ्रम अर्थात् 'द ग्रेट इलुजन' को अवस्थामा छ । देश निकै ठूलो अन्योल र द्विविधाको दोबाटोमा उभिएको छ । यो महा विभ्रमबाट देशलाई कसरी बाहिर निकाल्ने र भविष्यको यात्रा तय गर्ने ? यो नै अहिलेको सबैभन्दा ठूलो प्रश्न र अहं कार्यभार हो ।

उत्तिकै कठोर यथार्थ के हो भने स्थापित दल र नेतृत्वका आन्तरिक प्रयास र संसद्भित्रको वैधानिक प्रक्रियाबाट यो महा विभ्रमलाई चिर्न सम्भव छैन । यो कुनै पूर्वाग्रहवश निकालिएको आत्मगत निष्कर्ष हैन, वस्तुगत यथार्थको सटिक चित्रण हो । यस्तो ठूलो विभ्रमबाट राष्ट्रलाई मुक्त गर्न उत्तिकै ठूलो इच्छाशक्ति र प्रयत्न चाहिन्छ । भ्रमको सघनता जति बाक्लो हुन्छ, त्यसलाई चिर्ने प्रयत्नको ज्योति उत्तिकै तेजिलो हुनुपर्दछ ।

यो दुश्चक्रबाट राष्ट्रलाई बाहिर निकाल्न यतिखेर एक नयाँ राष्ट्रिय जागरण र बृहत्तर नागरिक आन्दोलन जरूरी छ । 'नागरिक पहिलो' को अवधारणामा आधारित भएर, नागरिक हित र कल्याणलाई केन्द्रमा राखेर सबै अवधारणा, प्रावधान, मान्यता र अभ्यासको पूर्वाग्रहरहित विज्ञान र विवेकसम्मत पुनरावलोकन आवश्यक छ । अन्यथा यो राष्ट्रिय अन्योल र द्विविधा अझै कति लामो जान्छ यसै भन्न सकिदैन । महा विभ्रमको अवधिभित्र यसले पुऱ्याइएका क्षतिको सही मूल्यांकन हुन सक्दैन । अन्योलग्रस्त आँखाहरूले मूल्यांकनका मापदण्ड सजिलै भेट्न र मानक बनाएर मापन गर्न सक्दैनन् ।

कुरा कति हो भने महा विभ्रमको अवधि जति लामो हुनेछ, त्यसले पुऱ्याउने क्षति त्यति नै धेरै हुनेछ । यसबाट मुक्त हुन चुक्ता गर्नुपर्ने मूल्य त्यति नै महँगो हुनेछ । जब हाम्रा आँखा खुल्ने छन् तब लाग्ने छ कि राष्ट्रिय जीवनको एक लामो कालखण्ड खेर गएछ । भविष्यमा त्यस्तो पछुतोलाई स्थान नदिने हो भने आजैबाट सबैले आँखा खोलौं । एक नयाँ राष्ट्रिय जागरण र नागरिक आन्दोलनका लागि आ-आफ्नो ठाउँबाट तयार होऔं ।

अहिलेका कुनै पनि राजनीतिक शक्ति यो महा विभ्रमलाई चिर्न र राष्ट्रलाई सही दिशामा अघि बढाउन सक्षम छैनन् । बरु नागरिक आन्दोलनभित्रबाटै त्यस्तो नयाँ शक्ति जन्मिने प्रखर सम्भावना रहन्छ, जस्तो कि भारतमा 'जेपी आन्दोलन' को समयमा भएको थियो ।

हुनत यसलाई 'तेस्रो जनआन्दोलन' भन्न नसकिने हैन । तर, हाम्रा यसअघिका दुवै जनआन्दोलन निरंकुशता विरुद्ध लोकतन्त्रका आन्दोलन थिए । हामीलाई अहिले चाहिएको भने 'लोकतन्त्रभित्र लोकतान्त्रिक शुद्धीकरण' को नागरिक आन्दोलन हो, जसको चरित्र सन् १९७० को दशकको भारतको 'जेपी आन्दोलन' सँग मिल्दोजुल्दो हुन सक्दछ ।

(साभार: अनलाइनखबर)

# हृदयघातका बिरामीको उपचारमा यस कारण हुन्छ ढिलाई

✍ डा ओममूर्ति अनिल

हृदयघात एकदमै जोखिमपूर्ण अवस्था हो, जसलाई हाइयेष्ट मेडिकल इमर्जेन्सी समेत भन्ने गरिन्छ, किनभने यसमा बिरामीको मृत्यु हुने सम्भावना अत्याधिक हुने गर्छ । यसमा बिरामीको समयमा सही उपचार नभएमा मुटु सधैंका लागि कमजोर हुने तथा मुटुसम्बन्धी जटिलता हुने गर्छ । समयमा सही उपचार नपाएका कारण नै अधिकांश मानिसहरुको फ्द्यघातका कारण मृत्यु हुने गर्छ ।

किन बिरामीको उपचारमा ढिलाई हुन्छ भन्ने कुरालाई हामी दुई भागमा विभाजन गर्न सक्छौं ।

१ रोग पहिचानमा ढिलाई हुनु
२ अस्पतालमा पुगिसकेको बिरामीलाई समेत उपचारमा ढिलाई हुनु ।

कतिपय बिरामीहरु अस्पताल पुग्दा पनि उनीहरुको उपचारमा ढिलाई हुनेगर्छ । यसको प्रमुख कारण उपचारमा कठिन अवस्थाको सृजना हुनु हो ।

हृदयघातका बिरामीको उपचारका गर्ने प्रमुख तीन तरिकाहरु हुन्छन् ।

१ बिरामीको हिस्ट्री
२ उपचारका लागि आइपुगेका बिरामीहरुको हिस्ट्री
३ अध्ययन गरेपछि इसीजी परीक्षण महत्वपूर्ण मानिन्छ ।

त्यसपश्चात् रगतको परीक्षण महत्वपूर्ण मानिन्छ । यी तीन चरणहरु पार गरेपछि चिकित्सकले बिरामीलाई हृदयघात भए या नभएको यकिन गर्छन् । कहिलेकाही बिरामीहरुमा लक्षण प्रष्ट रुपमा नदेखिनाले चिकित्सकहरुलाई समेत रोग पहिचान गर्नमा समस्या हुने गर्छ ।

यस्तो अवस्थामा चिकित्सकहरुले इसीजीको माध्यमबाट उपचार गर्ने गर्छन् । कतिपय अवस्थामा हृदयघात भइसक्दा समेत बिरामीहरुको इसीजी सामान्य हुने गर्छ । त्यस्ता बिरामीहरुमा केही घन्टा पश्चात् मात्रै इसीजीमा हृदयघातको लक्षणहरु देखा पर्ने गर्छन् ।

कतिपय सुरुवातमा गरेका रगत परीक्षण पनि हृदयघातका लक्षणहरु देखा नपर्न सक्छ । यस्तो अवस्थामा उपचार नपाएर बिरामीको मृत्यु हुने, सही उपचार नहुने तथा गलत उपचार हुने सम्भावना समेत रहन्छ । यद्यपि यस्तो प्रकृतिका समस्या एकदमै कम मात्रामा मात्रै आउने गर्छन् ।

करिब दुई दशक लामो मेरो उपचार अनुभवका आधारमा भन्नुपर्दो हृदयघात भइसकेपछि बिरामी अस्पताल आउनका लागि ढिलाई गरेका कारण धेरैको मृत्यु हुने गरेको छ । एक अध्ययन अनुसार बिरामीलाई हृदयघातको लक्षण देखिएको करिब ८ घन्टापश्चात् मात्रै अस्पताल पुग्ने गर्छन् ।

जबकी हृदयघात भएको ढिलोमा पनि ३ घन्टामा बिरामीहरु अस्पताल पुग्नुपर्ने हुन्छ । यो अवधिमा अस्पताल पुगेका बिरामीहरु बाँच्ने सम्भावना अत्याधिक हुनुका साथै मुटु ड्यामेज हुने सम्भावना एकदमै कम हुन्छ ।

**किन बिरामीहरू अस्पताल ढिलो पुग्छन् ? जानकारीको अभाव हुनु ।**

मानिसहरु यसका लक्षणहरु बारे अनविज्ञ हुँदा हृदयघात हुँदा समेत बिरामीहरु ढिलो गरेर मात्रै अस्पताल पुग्ने गर्छन् । आफूलाई ग्राहो भएको कुरा घरका सदस्यहरुलाई नभन्दा हृदयघातका कारण धेरै मानिसहरुको मृत्यु समेत हुने गर्छ । कतिपय मानिसहरु ग्यास्ट्रिकसँग झुक्दिाँ हृदयघात हुँदासमेत अस्पताल जानमा ढिलाई गर्छन् ।

**ग्यास्ट्रिक र हृदयघातलाई कसरी छुट्याउने ?**

कतिपय हृदयघातका केशहरुलाई स्पष्ट रुपमा नै छुट्याउन सकिन्छ । जस्तै छातीको बीच भागको धेरै ठाउँमा दुखेमा हृदयघातको शंका गर्न सकिन्छ । छातीको देब्रेतर्फको दुखाई घाँटीसम्म पनि आइपुगेको अवस्थामा त्यसलाई पनि हृदयघात हो भनी शंका गर्न सकिन्छ ।

*(साभार: स्वास्थ्यखबर)*

# हुलाकका १७ सय स्थायी दरबन्दी कटिँदै, ११ हजार हुलाकी विदा हुने




काठमाडौं/सरकारले संगठन तथा व्यवस्थापन(ओ एन्ड एम) सर्भेमार्फत हुलाकतर्फका करिब १ हजार ७ सय कर्मचारीको स्थायी दर बन्दी कटौती गर्न प्रस्ताव गरेको छ ।

चालु आर्थिक वर्ष २०८०/८१को बजेटले सरकारले जिल्ला र इलाका र अतिरिक्त हुलाक कार्यालयहरु खारेज गर्ने र प्रत्येक स्थानीय तहमा हुलाक कार्यालय स्थापना गर्ने घोषणा गरेको थियो । यही घोषणाअनुसार जिल्ला र इलाका हुलाक कार्यालयसहित हुलाक निर्देशनालयहरुको पुनर्संरचना गर्दै स्थायी दरबन्दीको पुनरावलोकन गरेको हो ।

बजेटले सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने घोषणा गरेको थियो । 'सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ,' बजेट वक्तव्यमा भनिएको थियो ।

यसअनुसार संगठन तथा व्यवस्थापन सर्भेमार्फत हुलाकको दरबन्दी कटौती गर्ने गरी तयारी पूरा भएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले बताए । 'करिब १ हजार ६७५ दरबन्दी कटौती हुन लागेको हो,' ती अधिकारीले भने, 'खरिदार देखि अधिकृतसम्मको दरबन्दी कटौती गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पठाउँदैछौं ।'

हुलाक सेवामा अहिले कुल १७ हजारभन्दा बढी कर्मच्चारीको दरबन्दी छरु। त्यसमध्ये ६ हजार भन्दा बढी स्थायी दरबन्दी छ । स्थायीमध्येबाट करिब १ हजार ७ सय दरबन्दी कटौती गर्न लागिएको हो ।

सरकारले ८६२ वटा इलाका हुलाक कार्यालयहरुलाई पुनर्संचना गर्दै ६७६ स्थानीय तहको मुकाममा एक-एक वटा स्थानीय तहस्तरीय हुलाक कार्यालय स्थापना गर्न लागेको छ । ७७ वटा जिल्ला सदरमुकाममा रहने जिल्ला कार्यालयहरुले सोही स्थानीय तहको हुलाकको काम गर्ने गरी व्यवस्थापन गर्न लागिएको हो । अब पुनर्संरचना भएर बन्ने हुलाक कार्यालयहरुमा अहिलेको इलाका हुलाकसहित विभिन्न हुलाक कार्यालयबाट दरबन्दी व्यवस्थापन गरिँदैछ ।

### ३ हजार बढी अतिरिक्त हुलाक खारेज हुँदै

यसबाहेक देशभरका ३ हजार ७४ वटा अतिरिक्त हुलाक कार्यालयहरु पनि खारेज हुनेछन् । ती कार्यालय खारेज हुँदा हुलाक प्रतिनिधि, पत्र वितरक र डाँकवाहक गरी करिब १० हजार ८ सय जनालाई सेवाबाट विदाइ गरिने छ । यी तीन प्रकारका पदमा पूर्णकालीन कर्मचारी छैनन् । यी पदहरुमा अतिरिक्त हुलाक कार्यालयमा कार्यरतहरुलाई सरकारले सुविधासहित विदा गर्ने तयारी गरिरहेको छ । अतिरिक्त कार्यालयहरु खारेजीका लागि अतिरिक्त हुलाक नियमावली-२०७४ नै संशोधन गर्ने तयारी छ ।

तर, कार्यालय खारेज गरेर दरबन्दी हटाउन लागेपछि त्यहाँ कार्यरत हुलाकीहरु असन्तुष्ट छन् । उनीहरुले अदालतमा मुद्दा समेत दायर गरेकाले उनीहरुलाई राम्रो सुविधासहित विदा गर्नुपर्ने दबाब सरकारमाथि छ ।

सरकारले २०५६ सालदेखि नै हुलाकी/हल्कारा र कार्यालय सहयोगी पदमा स्थायी कर्मचारी भर्ना गर्न छाडेको थियो । हुलाकमा कामको चाप घट्दै गएकाले दरबन्दी भए पनि कतिपय पदमा कर्मचारीहरु छैनन् ।

### छायाँमा हुलाक सेवा

प्रविधिको प्रयोग सर्वसुलभ र व्यापक हुँदै गएपछि हुलाक सेवा अस्तित्व जोगाउने संकटमा छ । सरकारले हुलाक सेवालाई उचित तवरले आधुनिकीकरण र प्रवर्द्धन नगर्दा जनस्तरमा समेत हुलाकको सट्टा निजी कुरियर सेवाप्रतिको आकर्षण बढ्दो छ ।

सेवा समेत कमजोर भएका कारण हुलाकहरुको आम्दानी झन् घट्दै जाँदा सरकारले चालु खर्च घटाउन बजेटमार्फत हुलाक सेवाको पुनर्संरचना गर्ने घोषणा गरेको थियो । १९३५ सालमा स्थापित नेपाल हुलाक घरबाट सुरु भएको हुलाक सेवाको उपयोग बढाउन सरकारले भौतिक रुपमा पठाउनुपर्ने सरकारी चिठ्ठीपत्र हुलाकमार्फत नै पठाउन अनिवार्य गरेको छ ।

सरकारले नै सरकारी हुलाक सेवा प्रयोग गर्न छाडेपछि गत १ असोजमा सचिव बैठकले सरकारी चिठ्ठीपत्र र कागजात हुलाकमार्फत् पठाउने व्यवस्था सुनिश्चित गर्ने निर्णय गरेको थियो । अहिले धेरैजसो सरकारी पत्र तथा परिपत्र इमेल र अनलाइन प्रविधि मार्फत नै कार्यालयहरुमा पुग्ने गरेका छन् ।

तर, कतिपय पत्र तथा फाइलहरु अभिलेखका लागि प्रमाणित रुपमै कार्यालयहरुमा पठाउनुपर्छ । यस्ता अनिवार्य रुपमा पठाइनुपर्ने पत्रहरु अब निजी कुरियरमार्फत पठाउने क्रम बन्द गरेर सरकारी सेवा नै प्रयोग गर्ने अवधारणासहित प्रत्येक पालिकाको मुकाममा हुलाक कार्यालय राख्न लागिएको छ ।

पछिल्लो समयमा हुलाक सेवाको प्रयोग कम हुँदै जाँदा सरकारलाई हुलाक कार्यलयहरु खर्च मात्रै बढाउने ठाउँ बन्न पुगेका छन् । हुलाक कार्यालयहरुले चालु खर्च समेत धान्न सक्ने गरी सेवा शुल्क उठाउन नसकेकाले सरकारले खर्च कटौतीका लागि पनि विभिन्न प्रयत्न गरिरहेको छ । वर्षमा साढे तीन अर्ब खर्च गर्ने हुलाक सेवाले ५० करोड रुपैयाँ पनि राजस्व संकलन गर्न सकेको छैन ।

अत्यावश्यक सेवाको सूचीमा रहेको र युद्धको समयमा शत्रु सेनाले समेत अवरोध गर्न नपाउने जस्ता विशेषता भएको हुलाक सेवालाई सरकारका लागि महत्वपूर्ण सेवा मानिन्छ । आवश्यक सेवा सञ्चालन ऐन २०१४ ले डाँक सेवालाई अत्यावश्यक सेवाको पहिलो सूचीमा राखेर यसमा हड्ताल र अवरोध गर्न नहुने भनेको छ ।

महत्वपूर्ण हुलाक सेवा झन् कमजोर बन्दै जाँदा सरकारले समयअनुसार चलाउन नै चाहेको पनि छैन । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत रहेको हुलाक सेवा विभाग मातहत विभिन्न कार्यालयहरु छन् । तर, तीनको कार्यसञ्चालन र प्रभावकारितामाथि प्रश्न उठिरहेको छ ।

दक्षिण एसियाकै भुटान, माल्दिभ्स जस्ता मुलुकले आधुनिकीकरण गरेर हुलाक सेवालाई चलाइरहँदा नेपाली हुलाक सेवा भने उपेक्षित बन्न पुगेको छ । समय अनुसार प्रतिस्पर्धी बन्न नसक्दा हुलाकका सेवाहरूप्रति आम मान्छेको चासो कम हुँदै गएको हुलाक सेवा विभागकै अधिकारीहरु बताउँछन् । एउटै सेवा दिने निजी क्षेत्रले द्रुत सेवा दिँदा सोहीअनुसार प्रतिस्पर्धामा जान नसकेका कारण नेपाली हुलाक कमजोर बनेको उनीहरुको भनाइ छ ।

२०४८ सालमा प्रशासन सुधार आयोगले हुलाकलाई आधुनिकीकरण गर्दै बहुमत सेयर नेपाल सरकारको हुने गरी निजीकरण गर्न सुझाव दिएको थियो । सोही आयोगको सुझाव अनुसार धेरै निकायलाई निजीकरण गरियो । तर, हुलाकलाई न निजीकरणमा लैजाने नीति बन्यो, न सेवा चुस्त बनाइयो ।

२०५० सालमा २०२० को हुलाक ऐन र नियमावली संशोधन गरेर हुलाकले दिँदै आएका कतिपय सेवा निजी कम्पनीले समेत गर्न सक्ने व्यवस्था गरेपछि नेपाली हुलाक सेवा ओरालो लाग्दै गएको थियो ।

हुलाकमार्फत अहिले पनि विभिन्न कागजपत्र पठाउने क्रम ठप्प भने भइसकेको छैन । बैंकहरुले आर्थिक वर्षको मसान्तमा पठाउने पत्र, अदालतका मिसिल र प्रतिउत्तर पत्र, विभिन्न कार्यालयले अर्को कार्यालयलाई पठाउने पत्रहरु पनि हुलाकबाट बढी जान्छन् ।

तर, सेवाग्राही कम भएको, सेवा प्रभावकारी नभएको र समयअनुसार सेवा विस्तार र सुधार नगरेकाका कारण नेपाल सरकारको सबैभन्दा कमजोर र फुर्सदिलो निकायको रुपमा हुलाक सेवा सञ्चालनमा छ ।

हुलाक सेवा विभागका सूचना अधिकारी ुवराज आचार्य संघीयतापछि पनि पुनर्संरचना नभएको हुलाक सेवा अब पुनर्संचना गर्ने अन्तिम तयारी भइरहेको बताउँछन् । 'बजेटको घोषणाअनुसार सबै स्थानीय तहमा अब हुलाक कार्यालयहरु रहने छन्,' उनले भने, 'यसका लागि संगठन तथा व्यवस्थापन सर्भेको काम अन्तिम चरणमा पुगेको छ ।'

केही हिसाबकिताब नमिलेका बाहेक सबै हुलाक बचत बैंकका खाता पनि राष्ट्रिय वाणिज्य बैंक हस्तान्तरण भइसकेको भन्दै सूचना अधिकारी आचार्यले अतिरिक्त हुलाक कार्यालयहरु खारेज गर्न हतिरिक्त हुलाक नियमावलीको संशोधनको मस्यौदा कानुन मन्त्रालयमा पुगेको बताए । 'कानुन मन्त्रालयले परामर्श दिएपछि नियमावली संशोधन भएर अतिरिक्त हुलाक कार्यालयहरु खारेज हुन्छन्,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरीमा वन्यजन्तुले गर्ने क्षति र अस्पतालको सेवामा चिन्ता



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा सरोकारवालाले वन्यजन्तुले पुऱ्याएको क्षतिदेखि स्थानीय अस्पतालको सेवाप्रति चिन्ता व्यक्त गरेका छन् ।

सरोकारवालाले अस्पतालको सेवासुविधा सुधार गर्नुपर्ने, सडकपेटीलाई पैदलयात्री हिँड्न र विद्यार्थी हिँड्ने सहज वातावरण बनाउन र वन्यजन्तुको क्षति न्यूनीकरणका लागि भूमिका खेल्नुपर्ने विषयमा आवाज उठाएका छन् । मानवअधिकार समूह मनहरीको बैठकमा सरोकारवालाले विभिन्न विषयमा चिन्ता गरेका हुन् । समूहका सदस्य गोरखनाथ श्रेष्ठले वन्यजन्तुका कारण मानवबस्ती र मानवजीवनमा क्षति पुगिरहेको भएपनि क्षतिपूर्तिका सन्दर्भमा ऐलानी जग्गामा बसोबास गर्नेहरुमाथि अन्याय भइरहेको बताए ।

बैठकमा मनहरी अस्पतालको टिकट घरमा कार्यरत कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री, सरल र सहज बनाइनुपर्ने सुझाव प्राप्त भएको थियो । बिरामीका लागि प्रतिक्षालय व्यवस्थित हुनुपर्ने बिषय उठान भएको थियो । समूहकी अध्यक्ष बिमला गोपालीको अध्यक्षतामा भएको बैठकमा मनहरी गाउँपालिका-८ नम्बर वडाका अध्यक्ष नारायण उप्रेतीले सडक पेटीलाई फराकिलो बनाएर विद्यार्थीहरु विद्यालय जाने पैदलमार्गलाई व्यवस्थित बनाइनुपर्ने बताएका थिए । मनहरी अस्पतालका इन्चार्ज डा.विजय साहकानू र सिनियर अहेब ज्योतिराज लुइँटेलले मनहरी अस्पतालप्रति उठेका सबाललाई गम्भिरताका साथ लिएर सुधारका लागि प्रयत्न गरिने बताए ।

कार्यक्रममा ७ नम्बर वडाका कार्यबाहक वडाध्यक्ष नवराज सुवेदीले महिलाहिंसाका अनेकन घटना आइरहेकाले सबै मिलेर समाजमा शान्ति स्थापनाका लागि भूमिका निर्बाह गर्नुपर्नेमा जोड दिए । बैठकमा इलाका प्रहरी कार्यालय मनहरीका प्रतिनिधिहरु, विद्यालयका प्रतिनिधिहरु, सञ्चारकर्मी तथा मानवअधिकार समूहका सल्लाहकार एबम् सदस्यहरुको सहभागिता रहेको थियो ।

# अवैध उत्खनन् नियन्त्रणमा डिआइजी केसीको चासो

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ बागमती प्रदेश प्रहरी कार्यालयमा भर्खरै सरुवा भई आएका प्रहरी नायव महानिरीक्षक (डिआइजी) विष्णुकुमार केसीले मकवानपुरमा भइरहेको खोलाको अवैध उत्खनन्मा चासो देखाएका छन् ।

नदीजन्यपदार्थको अवैध उत्खनन्मा प्रहरीको पनि कमजोरी देखिएको पत्रकारहरुको प्रश्नपछि उनले घटनाबारे जानकारी भएको बताउँदै कानुनअनुसार अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे । 'जिल्लामा हुने गरेका नदीजन्यपदार्थको विषयमा जानकारी लिइसकेको छ । अहिले अधिकांश पालिकामा वातावरणीय प्रभाव मूल्यांकन हुन नसकेर ठेक्का लगाएर उत्खनन् हुन सकेको छैन ।', उनले भने । जिल्लामा आईई नगरेको स्थानमा पनि अवैध उत्खनन् भइरहेको विषयमा जानकारी गराइएको थियो ।

डिआइजी केसीले प्रहरीको कमीकमजोरी सुधार्दै प्रदेशभित्रको शान्तिसुरक्षामा खटिने बताएका छन् । उनले आइतबार जिल्लास्थित पत्रकारसँगको परिचयात्मक




कार्यक्रममा प्रहरी संरगठनमा भएका कमीकमजोरी सुधार्दै शान्तिसुरक्षामा निरन्तर लाग्ने बताएका हुन् । गाँजाखेती फँडानी कार्य निरन्तर गरिने उनको भनाई छ । हाल प्रहरी अफिम फडानीमा लागेको उनले जनाए । हेटौंडामा ट्राफिक प्रहरीको ज्यादति, सुधार गर्नुपर्ने व्यवहारमा आफूले तत्काल निर्देशन दिने प्रतिवद्धता व्यक्त गर्दै डिआईजी केसीले ट्राफिक व्यवस्थापन, ओभर लोड सवारीसाधनको विषय र स्थानीय तहका साथै विभिन्न संघसंस्थाको सहकार्यमा सिसीक्यामेरा जोड्ने विषयमा आफूले चासोका साथ लिएको बताए ।

शान्तिसुरक्षा कायम गराउन प्रहरी एक्लैले सम्भवन नहुने भन्दै सरोकारवाला सबैको सहकार्यमा मात्रै सफल हुने बताए । सञ्चारकर्मीले समाचार सामग्री तीव्र र विश्वासनीयताका साथ पठाउन आग्रह गर्दै जिल्लाका लागुऔषध गाजाँअफिमका विषय, सामाजिक सञ्जालले निम्त्याएका अपराध, ट्राफिक व्यवस्थापन, ओभरलोड सवारीसाधान, अटोदेखि सुमो व्यवस्थापन, अवैध नदीजन्यपदार्थ चोरी निकासी, लागुऔषध प्रयोगकर्ता वृद्धि र ओसारप्रसार, नाकामा हुने सेटिङका विषयमा जानकारी गराइएको थियो ।

# ठूला सहकारी अनुगमन गर्न राष्ट्र बैंकको अस्वीकार

काठमाडौं/नेपाल राष्ट्र बैंकले ठूला सहकारी अनुगमन निरीक्षण र लेखा जाँच गर्न अस्वीकार गरेको छ । सहकारी विभागको सिफारिसमा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ९ ठूला कारोबार भएका सहकारी संस्था अनुगमन निरीक्षण तथा लेखा जाँचका लागि राष्ट्र बैंकलाई अनुरोध गरेको थियो ।

तर, राष्ट्र बैंकले सहकारी संस्था अनुगमन निरीक्षण तथा लेखा जाँच गर्न अस्वीकार गर्दै आवश्यक परे विज्ञ जनशक्ति उपलब्ध गराउने सकिने सझावसहितको जवाफ सहकारी मन्त्रालयलाई पठाएको छ । गत साता मन्त्रालयको अनुरोधपत्रको जवाफ दिँदै राष्ट्र बैंकले सहकारी विभागमा अनुगमन निरीक्षण टिम बनाउन र त्यसमा आवश्यक विज्ञका रूपमा सहयोग गर्ने बताएको हो ।

'राष्ट्र बैंकलाई कारबाही गर्ने अधिकार पनि नभएकाले आवश्यक समन्वय गर्न र आवश्यकता अनुसार 'केश बाई केश' हेर्न आवश्यक जनशक्ति उपलब्ध गराउने सक्छौं भनेका छौं,' राष्ट्र बैंक उच्च स्रोतले संचारकर्मीसँग भन्यो, 'भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट आएको पत्रलाई हामीले स्वीकार गरेको हो । सहकारी हामीले बनाएको नीति नियमअनुसार सञ्चालन हुने भए सोहीअनुसार अनुगमन निरीक्षण गर्ने हो । अर्को निकायले बनाएको नीति नियमअनुसार अनुगमन निरीक्षण गर्न सोहीअनुसारको टिम चाहिन्छ।'

वित्त विश्लेषण लगायत आवश्यकताअनुसार प्राविधिक सहयोगका लागि राष्ट्र बैंकले जनशक्ति पठाउने र सोहीअनुसार समिति बनाउन सुझावसहित जवाफ पठाएको स्रोतले बतायो । मन्त्रालयले बनाएको सहकारी अनुगमन समितिमा राष्ट्र बैंकले आवश्यकताअनुसार विज्ञ जनशक्ति पठाउने भन्दै मन्त्रालयलाई पत्र पठाएको हो । राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा सरकारले सहकारी क्षेत्र सुधार सुझाव कार्यदल बनाएको थियो ।

उक्त कार्यदलले १३ तत्कालीन, १३ अल्पकालीन र ३३ दीर्घकालीन सुझाव दिएको थियोरु। कार्यदलले दिएको सुझावअनुसार विभागले मन्त्रालयमार्फत ९ संस्था अनुगमन निरीक्षण तथा लेखा जाँच गर्न राष्ट्र बैंक गुहारेको थियो ।

सहकारी विभागको सिफारिसमा मन्त्रालयले लालीगुराँस बहुउद्देश्यीय सहकारी पुल्चोक, गोर्खा सेभिङ एन्ड क्रेडिट काअपरेटिभ सातदोबाटो, आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी काठमाडौं, कान्तिपुर बचत तथा ऋण सहकारी संस्था काठमाडौं, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था काठमाडौं, राष्ट्रिय सहकारी बैंक पुल्चोक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संस्था काठमाडौं, शुभरत्न बचत तथा ऋण सहकारी संस्था काठमाडौं र नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ ललितपुरको अनुगमन निरीक्षण र लेखा जाँच गर्न राष्ट्र बैंकलाई अनुरोध गरेको थियो ।

विभागले धेरै गुनासो र उजुरी आएका ६ प्रारम्भिक संस्था, दुई केन्द्रीय संघ र सहकारी बैंक अनुगमन निरीक्षण गर्न मन्त्रालय मार्फत राष्ट्र बैंकलाई आग्रह गरेको हो । तर, राष्ट्र बैंकले भने सहकारी विभागकै नेतृत्वमा अनुगमन समिति बनाउनुपर्ने र त्यसमा विज्ञका रूपमा सहयोग गर्ने बताएको हो ।

'मन्त्रालयको आग्रह स्वीकार गर्दै त्यसमा छलफल गर्दा सहकारीको विशेषज्ञता राष्ट्र बैंक पनि नभएकाले सहकारी विभागकै नेतृत्वमा समिति बनाएर त्यसमा आवश्यक विज्ञ राष्ट्र बैंकले पठाउने सुझाव दिएका हौं,' स्रोतले भन्यो ।

विगतदेखि नै बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाको नियमन राष्ट्र बैंकले गर्ने कि अर्कै विशिष्टिकृत संस्था स्थापना गर्ने भन्ने विषयमा बहस हुँदै आएको छ । राष्ट्र बैंकले भने अर्कै संस्था स्थापना गर्नुपर्ने र यसमा आवश्यक प्राविधिक सहयोग गर्ने बताउँदै आएको छ ।

नेपाल राष्ट्र बैंक ऐनले सहकारी संस्था नियमनका विषयमा स्पष्ट बोलेको छैन । तर, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक, २०७९ मा भने ठूला सहकारी संस्था नियमन राष्ट्र बैंकले गर्ने गरी नेपाल राष्ट्र बैंक ऐन र सहकारी ऐन संशोधन गर्न प्रस्ताव गरिएको छ । उक्त विधेयकमा पनि सुरुमा २५ करोडभन्दा बढी सेयर पूँजी भएका ५० करोडभन्दा बढी वार्षिक कारोबार गर्ने सहकारी संस्था नियमन, निरीक्षण तथा सुपरीवेक्षण राष्ट्र बैंकले गर्ने प्रस्ताव गरिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'अगस्त्य' टिजरमा सौगात र नाजिरको एक्सन



काठमाडौं/सौरभ चौधरीको निर्देशनमा बनेको फिल्म 'द अनब्रेकेबल अगस्त्य'को 'एक्सन प्याक्ड' टिजर सार्वजनिक गरिएको छ ।

आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको झण्डै दुई मिनेट लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे महत्त्वपूर्ण खुलासा गर्छ । बदलाको कथालाई मियो बनाएर मधेशमा हुने गरेको अपराधको घटनामा फिल्म केन्द्रित रहेको टिजरले बुझाउँछ ।

टिजरमा आकर्षक पक्ष भनेको अभिनेता सौगात मल्लको चरित्रमा विविधता हो । उनलाई रोमान्टिक, एक्सन र मानसिक सन्तुलन गुमेको चरित्र गरी तीनवटा अवस्थामा देखाइएको छ । मलिका महत उनको प्रेमिका बनेकी छन् । टिजरको अन्तिममा मेशिनगन लिएर प्रस्तुत भएका नाजिर हुसेनको चरित्र पनि प्रभावशाली देखिन्छ । प्रमोद अग्रहरी र निश्चल बस्नेत पनि टिजरमा चित्रित छन् ।

निर्देशक चौधरी देशमा भैरहेको घटनालाई फिल्ममा उठाइएको दाबी गर्छन् । उनी भन्छन्, 'यसमा कुनै एउटा भूगोलको मात्र नभइ समग्रमा देशमा भैरहेकै घटना छ । यसैले दर्शकलाई मनपर्छ भन्नेमा विश्वस्त छु ।' सौगातले भने मानसिक सन्तुलन गुमेको चरित्र आफ्नो लागि एकदमै नयाँ अनुभव रहेको बताए । हेर्दा त्यो चरित्रमा दुःख देखिए पनि काम गर्दा रमाइलो भएको उनको भनाई छ ।

विश्व गौचन र अभिषेक चौधरी कार्यकारी निर्माता तथा प्रकाश मल्ल, अनिस तामाङ र विनोद पौडेल निर्माता रहेको फिल्ममा सञ्जय लामाको छायांकन, निर्देशक चौधरी स्वयंको लेखन, निमेष श्रेष्ठको सम्पादन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र एसडी योगीको संगीत छ । फिल्मले बलात्कार र चेलिबेटी बेचविखनको कथालाई पनि उठाएको टिजरले संकेत गर्छ ।

# दयाहाङ पर्खिरहेको 'मनसरा'



काठमाडौं/लगालग फिल्म सम्झौता गर्दा यतिबेला अभिनेता दयाहाङ राईलाई भ्याइनभ्याइको अवस्था छ । यसै साता फिल्म 'डिग्री माइला'को छायांकन सकेर अर्को फिल्म 'भूठान'का लागि अमेरिका पुगेका उनी नेपाल आएपछि 'जारी' निर्देशक उपेन्द्र सुब्बाको नयाँ फिल्म 'मनसरा'को छायांकनमा जोडिनुपर्नेछ । यतिबेला उनीबाहेकको सिन २० दिनदेखि ललितपुरको नख्खीपोट आसपासमा खिचिँदैछ ।

अहिले मिरुना, मेनुका प्रधान र प्रविण खतिवडाका दृश्यहरुको छायांकन भैरहेको निर्देशक सुब्बाले जानकारी दिए । दयाहाङ माघ २०-२२ गतेसम्ममा नेपाल फर्किएर फिल्मको छायांकनमा जोडिने उनले बताए । दयाहाङ आएपछि फिल्मको छायांकन नख्खीपोट र पाँचथरमा १० दिनसम्म चल्नेछ । निर्देशक सुब्बाले जाडोको मौसममा पनि छायांकन निकै राम्रोसँग भैरहेकोमा खुसी व्यक्त गरे ।

फिल्मको निर्माणमा उपेन्द्र सुब्बा र छायाँकार शैलेन्द्र ध्वज कार्कीले सहकार्य गरेका छन् । 'जारी'ले जस्तै 'मनसरा'ले पनि अर्गानिक कथा पस्किएको निर्माता कार्कीको दाबी छ । निर्देशक सुब्बा स्वयंको लेखन रहेको फिल्मको आगामी बैशाख २१ गतेलाई प्रदर्शन मिति घोषणा गरिसकिएको छ । प्रदर्शनका लागि जम्मा तीन महिना बाँकी रहेकाले निर्माण टिममा छायांकन सक्ने चटारो देखिन्छ ।

'मनसरा'को सह-निर्मातामा विष्ण कुमार लिम्बु, मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ छन् भने सिजन दाहाल कार्यकारी निर्माता हुन् । फिल्ममा निमेश श्रेष्ठको सम्पादन तथा श्रवल राज पाण्डेको साउण्ड डिजाइन रहनेछ भने मानाहाङ लावती, मनिक शंखर र सुभम चाम्लिङ राईको कला निर्देशन छ । किरण चाम्लिङ राई मुख्य सहायक निर्देशक हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बस्तीपुर जेसीजको पदस्थापना

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ बस्तीपुर जेसीज हाँडीखोलाको १३ औं पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रम भएको छ । पदस्थापनाबाट नवनिर्वाचित अध्यक्ष अमृत पाठक सहितका पदाधिकारीलाई पदभार हस्तान्तरण गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१९, स्थित जेसीजको सभाहलमा आयोजित कार्यक्रममा वर्ष २०२३ का अध्यक्ष जेसी प्रेमबहादुर गोङ्बाले वर्ष २०२४ का लागि निर्वाचित अमृत पाठकलाई पद हस्तान्तरण गरे । जेसीजका नवनिर्वाचित कार्यकारिणी उपाध्यक्षमा हरेराम हटुवाल (निर्मल), सञ्जोग उप्रेती र उपाध्यक्षमा लोक लामामोक्तान, रविन लामा, सोवित वाईबा र दिनेश चौलागाई, कोषाध्यक्ष सन्देश पण्डित, महासचिव सुरज बर्तौला र कानुनी सल्लाहकार सन्दीप पाठक सहितका पदाधिकारीले पदभार ग्रहण गरेका हुन् ।



बस्तिपुर जेसीज हाँडीखोलाका नवनिर्वाचित अध्यक्ष पाठकले पदभार ग्रहणको कार्यक्रमलाई सम्बोधन गर्दै आफूलाई अध्यक्ष बनाउन सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गरे । अध्यक्ष पाठकले आफ्नो कार्यकालमा गरिब तथा विपन्न विद्यार्थीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिने बताए । कार्यक्रममा उनले आर्थिक रुपमा विपन्न परिवारका बालबालिका स्वास्थ्यसेवा र गुणस्तरीय शिक्षाबाट वञ्चित हुन नदिन आफूले विशेष पहल गर्ने बताए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य तथा पूर्वउर्जा राज्यमन्त्री दीपकबहादुर सिंहले जेसीजले देखाएको नेतृत्व हस्तान्तरणको शैलीबाट अन्य राजनीतिक दलका नेताहरुले पनि सिक्नुपर्नेमा जोड दिए ।

'नेताहरु ५ पटक मन्त्री बन्दा पनि पदको लोभ त्याग्दैनन् र हस्तान्तरणको कला बुझ्दैनन् । तर, जेसीजले गरेको पद हस्तान्तरणबाट नेताहरुले सिक्नुपर्छ ।', सिंहले भने । उनले दलमा पनि जेसीज जस्तो नेतृत्व हस्तान्तरण गर्ने शैलीको विकास गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जेसीजलाई आह्वान गर्दै युवाका लागि रोजगारीका अवसर श्रृजना गर्ने तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी युवालाई सशक्त बनाउन आग्रह गरे ।

कार्यक्रमका अबसरमा सामाजसेवी पुरस्कार ॐ बृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई प्रदान गरिएको छ । पत्रकार रुपक कालिराजलाई 'स्वर्गीय उदयसिंह पाठक पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । पुरस्कृत कालिराज र श्रेष्ठलाई जनही ७ हजार २ सय २ रुपैयाँ नगदसहित पुरस्कृत गरिएको हो । आरती पाठकको संयोजनमा भएको कार्यक्रममा नेपाल जेसीजका महासचिव सरोज अधिकारी, हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठ, बस्तीपुर जेसीज २०१८ का अध्यक्ष राममणि बर्तौला, पूर्वअध्यक्ष राजेश भेटवाललगायतले मन्तव्य व्यक्त गरेका छन् ।

# शिक्षक दौड र शिक्षिकाको 'स्लो स्कुटी' प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/शहीद दिवसको अबसरमा जिल्लास्तरीय शिक्षक दौड र शिक्षिकाहरुको स्लो स्कुटी रेस प्रतियोगिता हुने भएको छ । हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडा कार्यालयको आयोजना तथा नेपाल राष्ट्रिय शिक्षक संगठनको व्यवस्थापनमा प्रतियोगिता हुने भएको हो ।

पुरुष शिक्षकको ३ हजार मिटर दौड हुनेछ । माघ १५ गते हुप्राचौरबाट सुरु हुने प्रतियोगिता सहिद दिवस सप्ताहव्यापी कार्यक्रम अन्तरगत हुन लागेको हो । विद्यालयले नै खेलकुदको प्रवर्द्धन गर्ने उदेश्यले शिक्षक केन्द्रित प्रतियोगिता आयोजना गरिएको ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलले बताए । शिक्षकहरु खेलकुदप्रति आकर्षित भए स्वत: विद्यार्थीको खेलप्रति रुचि बढ्ने भएकोले प्रतियोगिता आयोजना गरिएको वडाअध्यक्ष सिग्देलले बताए ।

प्रतियोगितामा पुरुष शिक्षकतर्फ दौडमा प्रथम हुनेले ७ हजार, द्वितीय हुनेले ५ हजार, तृतीय हुनेले ३ हजार, चौथो हुनेले २ हजार र सान्त्वना हुनेले १ हजार प्राप्त गर्ने छन् । यस्तै महिला शिक्षकतर्फ स्लो स्कुटी प्रतियोगितामा प्रथम हुनेले ७ हजार, द्वितीय हुनेले ५ हजार र तृतीय हुनेले ३ हजार पुरस्कार प्राप्त गर्ने नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर अध्यक्ष श्रीराम दाहालले जानकारी दिए । उनले इच्छुक शिक्षकलाई प्रतियोगितामा सहभागी हुनको लागि अनुरोध समेत गरे ।

# नगरस्तरीय फुटबल उपाधि ७ नम्बर वडाले जित्यो



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ थाहा-७ नम्बर वडाले थाहा नगर स्तरीय अन्तर वडा फुटबल प्रतियोगिताको उपाधि जितेको छ । ७ नम्बर वडाले वडा नम्बर १ लाई २-१ गोल अन्तरले पराजित गरी उपाधि हात पारेको हो ।

प्रतियोगिताको विजयी टिमले नगद १ लाखसहित शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । उपविजेता थाहा नगर पालिका वडा नम्बर १ ले नगद ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पाएका थिए । प्रतियोगितामा उत्कृष्ट गोलकिपर थाहा-१ को प्रचण्ड गोपाली भए भने उत्कृष्ट खेलाडी वडा नम्बर १ कै टिम क्याप्टेन रोहित श्रेष्ठ घोषित भए । त्यस्तै सबैभन्दा बढि गोलकर्ता खेलाडी ७ नम्बर वडाका शुभराज घोले घोषित भए । त्यस्तै म्यान अफ द म्याच थाहा ७ का असिम तामाङ घोषित भएको सुनिल श्रेष्ठले जानकारी दिए ।

थाहा नगरपालिका वडा नम्बर ९ को खेल मैदानमा १० माघबाट सुरु भएको प्रतियोगिताको फाइनल खेल १३ माघमा भएको थियो । प्रतियोगितामा ११ वटा टिमको सहभागिता रहेको थियो । १२ वटा वडा रहेको थाहानगरमा ५ नम्बर वडाको तर्फबाट प्रतियोगितामा सहभागिता हुन सकेको थिए । पुरस्कार वितरण समारोहमा थाहा नगर पालिका वडा नम्बर ६ का वडाध्यक्ष राजनभक्त श्रेष्ठ, ७ नम्बर वडाका अध्यक्ष शिवराज थिङ तथा वडा नम्बर ९ का वडाध्यक्ष राजकुमार बलामीलगायतको उपस्थिति थियो ।

# कांग्रेस मकवानपुर जनतासँग साक्षात्कार गर्न गाउँ छिर्दै

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ नेपाली कांग्रेस मकवानपुरले 'समुदायमा कांग्रेस' अभियान सुरु गरेको छ । केन्द्रीय निर्देशन बमोजिम जिल्लामा पनि अभियान सुरु गरिएको र औपचारिक सुभारम्भ भने माघ १६ गते सहिद दिवसको दिनबाट हुने सभापति बुद्ध लामाले जानकारी दिए ।

यो अभियान माघ २६ गतेसम्म सञ्चालन हुने र त्यस अवधिमा समुदायस्तरमा प्रत्यक्ष साक्षात्कार भई स्थानीय तहबाट हुने सेवाप्रवाह, विकास निर्माणको अवलोकन तथा आमनागरिकका गुनासा र सुझावलाई वडास्तरबाटै कार्यान्वयन गराउन पहलकदमी लिने गरी अभियान सुरु गरिएको लामाले बताए । अभियानका लागि केन्द्रीय प्रतिनिधिको रुपमा राजन केसी मकवानपुर आइसकेका छन् ।





मकवानपुरको १०२ वटै वडामा पुग्नका लागि प्रतिनिधि तोकिएको छ । आइतबार कांग्रेस मकवानपुरले विस्तारित बैठक बोलाई पार्टीका विभिन्न जिम्मेवारीमा रहेका व्यक्तिहरु तथा समग्र कार्यकर्तालाई अभियानमा सक्रिय सहभागी हुन आग्रह गरेको छ । पार्टीका केन्द्रदेखि वडा तहसम्मका पदाधिकारी एवम् सदस्य, विभिन्न भ्रातृ संगठन तथा शुभेच्छुक संस्थामा आबद्ध केन्द्रदेखि स्थानीय तहसम्मका प्रतिनिधिलाई एकसाथ परिचालन गरी यो कार्यक्रम देशैभर भइरहेको लामाले बताए ।

अभियानका क्रममा खटाइएका प्रतिनिधि जिल्ला तथा वडास्तरमा हुने कुनै न कुनै श्रमसँग सम्बन्धित काम वा सामाजिक कार्यमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने जिल्ला सचिव भीमसेन महतले जानकारी दिए । अभियानका क्रममा वडावासीसँग खुल्ला छलफल गरी तीनवटै तहका सरकारसँगका जनताको अपेक्षा, गुनासा र सुझाव सुन्ने पार्टीका बारेमा जनताका सुझाव लिइने महतले बताए ।

अभियानकै क्रममा स्थानीय तहले गरिरहेका सेवाप्रवाह, स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्य सेवाकेन्द्र, विद्यालय, विकास निर्माण आयोजना, समुदाय र निजी क्षेत्रको प्रयासमा भएका कामलगायतको अवलोकन गरी सेवाप्रवाहको अवस्था बुझ्नुको साथै त्यसको अवस्था र समस्या समाधानको पहल गरिने सचिव महतले बताए । अभियान कांग्रेका स्वर्गीय नेता सुशील कोइरालाको स्मृति दिवसको दिन माघ २६ गते समापन गरिने जनाइएको छ ।

# ईकुको गीत 'मेरो दाइको साली' सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुरे चलचित्र निर्माता तथा कलाकार सुलेमान शंकर ईकुको नयाँ गीत सार्वजनिक भएको छ । ईकुको लेखन तथा निर्देशन रहेको गीतलाई निशान भट्टराई र अनु चौधरीले आवाज दिएका छन् ।

गीतमा तीलक बस्नेतको संगीत रहेको छ भने ईकुसँगै सम्झना घिमिरेले लेखन गरेकी हुन् । गीतको भिडियोमा ईकुसँगै बिना राउत र अशोक शंकरको अभिनय रहेको छ । दिनेश पराजुलीले खिचेको गीतलाई सुरेन्द्र बसेलले नृत्य निर्देशन गरेका छन् । एसएमएस फिल्मस् प्रा.लिले निर्माण गरेको गीतको भिडियोलाई ईकुले नै निर्देशन गरेका छन् ।

# वडास्तरीय वक्तृत्वकलामा अधिकारी प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ शहिद सप्ताहअन्तर्गत आइतबार आयोजित 'बालश्रम, बालशोषण, बालहिंसा अन्त्य गर्नुमा बालबालिकाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा अजेस अधिकारी प्रथम भएका छन् ।

वडास्तरीय बालसमूह सञ्जालको आयोजना तथा ११ नम्बर वडा कार्यालय र सहिदस्मारक विकास समितिको समन्वयमा आयोजित वडास्तरीय प्रतियोगितामा अधिकारी प्रथम भएका हुन् । वडाका २५ जना बालबालिकाको सहभागिता रहेको प्रतियोगितामा आँचल सुवेदी दोस्रो, सायना सपकोटा तेस्रो भए । सृष्टि उप्रेती सान्त्वना भएकी छन् । उनीहरुले क्रमश: ५ हजार, ३ हजार तथा जनही २/२ हजार नगद पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा विजेतालाई शहिदस्मारक विकास समितिका सचिव रघुनाथ खुलालले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । वक्तृत्वकलाको निर्णायकमा आरती पाठक, अर्पण पराजुली र माया लामा रहेका थिए । शहिद सप्ताहअन्तर्गत आज सोमबार साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण गरिने भएको छ । कार्यक्रमको अन्तिम दिन अर्थात १६ माघ मंगलबार प्रभातफेरी, सहिदप्रति सलामी, श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण, प्रवचन तथा समापन कार्यक्रम हुने सचिव रघुनाथ खुलालले जानकारी दिए ।

# लागूऔषधसहित लामा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले १२५ ग्राम लागूऔषध अफिमसहित शनिबार साँझ हेटौंडा उपमहानगर पालिका-१९ नेवारपानी बस्ने २७ वर्षीय बिशुराज लामालाई पक्राउ गरेको हो ।

लामालाई विशेष सूचनाको आधारमा पुगेको जिल्ला प्रहरी कार्यालय, मकवानपुरबाट खटिएको प्रहरी टोलीले घरबाटै पक्राउ गरेको हो ।

पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको मकवानपुर प्रहरीले जनाएको छ ।

# मनहरी महोत्सवको तयारी अन्तिम चरणमा



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/पाँचौ मनहरी महोत्सवको ९० प्रतिशत तयारी पूरा भएको छ । आयोजक मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति मनहरीले महोत्सवको सबै तयारी अन्तिम चरणमा पुगेको जानकारी गराएको छ ।

महोत्सवमा १५० वटा स्टल रहनेछ । समितिका सभापति एबम् मूल आयोजक समितिका संयोजक गणेशमान मानन्धरले स्टल निर्माणको काम ८० प्रतिशत सकिएको र भोलिसम्ममा स्टेज बन्ने काम सकिने बताए । महोत्सवमा स्थानीय कृषि उत्पादन च्याउ, केराका परिकार, स्थानीय गहत, मास, मस्याङको बिक्री बितरण र प्रदर्शनी गरिनेछ । त्यसैगरी पश्चिम मकवानपुरमा बाहुल्य रहेको चेपाङ जातिको संस्कृति झल्काउने घर, नेपालमै मनहरीमा मात्र रहेको बनकरियालाई पनि महोत्सवमा स्थान दिने गरी तयारी गरिएको संयोजक मानन्धरले जानकारी दिए ।

यही माघ १६ देखि २८ गतेसम्म चल्ने महोत्सवमा राष्ट्रिय र स्थानीय सबै कलाकारको प्रस्तुती तय गरिएको र स्थानीयस्तरमा लोक्दोहोरी प्रतियोगिता, नृत्यलगायतका क्रियाकलाप दैनिक रुपमा हुने आयोजकले जनाएको छ ।

## कर्जा चुक्ता गर्न आउने सम्बन्धमा जारी गरिएको १५ दिने सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति (२०८०/१०/१५)*

यस ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८०।१०।०६ गतेको निर्णय अनुसार यस संस्थाबाट ऋण लिई समय अवधिभित्र ऋणको साँवा ब्याज बुझाउने कार्य नगरी भाखा नाघ्न गएका ऋणी सदस्यहरुलाई यो सूचना जारी भएको मितिले १५ दिनभित्र संस्थामा सम्पर्क गरी आफ्नो ऋणको बाँकी साँवा, ब्याज एवम् हर्जना तिर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

यदि उक्त समयमा पनि ऋण तिर्न बेवास्ता गर्नुहुने ऋणी सदस्यहरुलाई आवश्यक कानुनी प्रक्रिया अगाडी बढाइने, सामाजिक संजालमार्फत तथा सार्वजनिक स्थलमा नाम टाँस गर्ने र पत्रपत्रिकामार्फत पनि नाम सार्वजनिक गर्ने जस्ता कार्यहरु अबलम्बन गर्न संस्था बाध्य हुने र यसबाट ऋणी सदस्यहरुको मानमर्यादामा आँच पुग्न गए ऋणी सदस्य आफै जिम्मेवार रहने तथा यस सम्बन्धमा संस्थाको कुनै प्रकारको जवाफदेहिता नरहने पनि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-१०, टि.सि.एन. रोड
फोन नं. ०५७-५२६४९५

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रयल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट







**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना